**मिति २०७६।०२।२४ गतेको कार्यपालिका बैठकको निर्णयहरु**

**निर्णय न.**

१) यस न.पा. अन्तरगतका ५२ वटा विद्यालयहरु मध्ये ४०० जना भन्दा बढी विद्यार्थी भएका विद्यालयहरुलाई प्रति विद्यालय रु ७(सात) लाख देखी ८ (आठ) लाख सम्म र ४०० भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई प्रति विद्यालय रु ५ (पाच) लाख विनियोजन गरी विद्यालयहरुमा बजेट पठाउने ।

२) मेयर कृषी कार्यक्रम अन्तरगतको सिचाई तर्फ २ करोड ४१ लख रकम नगर कृषी बोर्डको सिफारिस अनुसार तोकिएको रकम र शिर्षकमा विनियोजन गरी खर्च गर्ने ।

३) नगरपालिका(नगर प्रमुख) बाट स्विकृत विभिन्न मितिका योजनाहरु अनुमोदन गर्ने ।

४) नगर खेलकुद विकास समितिको खाता समितिको अध्यक्ष र न.पा.को शिक्षा, युवा, तथा खेलकुद शाखा प्रमुखको संयुक्त दस्तखतमा संचालन हुने गरी खाता खोल्न गरिएको निर्णय अनुमोदन गर्ने ।

५) प्रदेश न. २ को सरकारबाट प्राप्त वितिय हस्तान्तरणको बजेट शिक्षा तर्फको भवन, घेराबेरा र फर्निचरमा विनियोजन गरी खर्च गर्ने ।

६) करार कर्मचारी भर्ना गर्ने सम्बन्धमा आन्तरिक प्रतिष्पर्धा थप गरी भर्ना गर्न सक्ने गरी करार कर्मचारी सम्बन्धी कार्यविधिमा संसोधन गरी प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार दिने ।

७) सडक विभाग सेलेघाट-रामेछाप-साघुटार, बर्दिबास-जलेश्वर, राजविराज-सिराहा, जलेश्वर शहरी सडक योजना बर्दिबास महोत्तरीको च.नं. २१ मिति २०७६।०२।२४ को पत्रानुसार निर्माण व्यवसायी श्री m/s shivalaya-Diwa J/V बर्दिबास महोत्तरीलाई upgrading improvement of Bardibas Jaleshwar Urban Road का लागी आवश्यक १५ हजार घन मिटर गिट्टी, बालुवा IEE ले तोकेको मापदण्ड भित्र रही भब्सी खोलाको तोकिएको स्थानबाट उत्खनन् गर्न अनुमती दिने ।

८) योजनाहरु छनौट गरी संचालन गर्ने र उक्त आयोजनामा प्रविधिक लागत अनुमानको आधारमा बजेट विनियोजन गर्ने ।

९) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागी तोकिएको मापदण्ड भित्रका योजनाहरु वडाबाट माग गरी आवश्यक बजेट विनियोजन कार्यालयले गर्ने ।

१०) नगरपालिका र यस अन्तरगत हाल संचालित विभिन्न प्रकृतीका बैकंहरु सगं गरिएको बैठकबाट प्राप्त सुझाब अनुसार बैंकहरुबाट गर्नु पर्ने सामाजिक दायीत्व अन्तरगतका कियाकलापहरु न.पा.ले सहकार्य गर्ने ।

११) आगामी आ.व. को निति तथा कार्यक्रम र योजना सम्बन्धमा विभिन्न विषयगत तथा अन्य समितिहरुलाई कार्य अगाडी बढाउन निर्देशन दिने ।

१२) यस आ.व.मा कम्तीमा २०,०००। विभिन्न प्रजातीका बोटविरुवाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम संग समेत मिल्ने गरी बाटो, पोखरी ,ड्याम क्षेत्र, खाली जग्गा लगायत आवश्यक क्षेत्रमा वृक्षारोपण गर्ने ।

१३) अत्यावश्यक भएका विभिन्न विद्यालयहरुलाई घेराबेरा तथा भवनका लागी विभिन्न संघ संस्था संग समेत समन्वय गरी घेराबेरा तथा भवन विद्यालयलाई ल.ई. अनुसार रकम विनियोजन गर्ने ।

१४) उज्यालो बर्दिबास कार्यक्रम संचालन गर्न नेपाल विधुत प्राधिकरण काठ्माण्डौ संग समन्वय गरी कार्यक्रम गर्ने ।

१५) प्रदेशको बैकल्पिक उर्जाको लागी स्थान छनौट सम्बन्धमा स्थानिय बासीहरु संगको छलफलबाट आएको निष्कर्ष अनुसार कार्वाही अगाडी बढाउने ।

१६) ब.न.पा. भित्र रहेका विद्यालयहरुको शिक्षा, युवा तथा खेलकुद शाखाबाट अनुगमन गराई प्राप्त प्रतिवेदनको आधारमा फर्निचर व्यवस्थापन गर्ने ।